# माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**इभाङ्ग, इलाम १ न. प्रदेश, नेपाल**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०७६।७।२० गते**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस इलाम जिल्लामा सुरक्षित आप्रवासन परियोजना (Safer Migration Program) अन्तरर्गत **माङसेवुङ गाउँपालिका**मा समुदाय सचेतनाका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता रहेको हुनाले ईच्छुक अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदहरुका लागि दरखास्त आब्हान गरिएको छ ।

**१. पद : मनोसामाजिक परामर्शकर्ता १ जना** (आवश्यक योग्यता तथा अनुभव) :

न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्वन्धी आधारभूत तालिम लिएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । परियोजना लागु हुने स्थानीय तहको स्थायी बासिन्दा र महिलालाई प्राथमिकता दिईनेछ ।

**२. पद : बित्तिय साक्षरता सहजकर्ता १ जना** (आवश्यक योग्यता तथा अनुभव) :

न्यूनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा वस्यक शिक्षा, वित्तिय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । परियोजना लागु हुने स्थानीय तहको स्थायी बासिन्दा र महिलालाई प्राथमिकता दिईनेछ ।

**३ पद : रिटर्नी स्वयंसेवक (३ जना)** (आवश्यक योग्यता तथा अनुभव) :

न्यूनतम् कक्षा ८ पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष वा सो भन्दा बढी समय काम गरेको अनुभव भएको र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । परियोजना लागु हुने स्थानीय तहको स्थायी बासिन्दा र महिलालाई प्राथमिकता दिईनेछ ।

**कार्य अवधि:** हाललाई १५ जुलाई २०२० सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्ने ।

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका पुरुषको हकमा ३५ वर्ष, महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएका इच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकताको फोटोकपी, अनुभवको प्रमाणपत्र कम्तीमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको ब्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी सहित आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाईमा मनोसामाजिक परामर्शकर्ता र बित्तिय साक्षरता सहजकर्ता को हकमा रु.४००।० (अक्षेरुपी चार सय मात्र) फिर्ता नहुने गरी र रिटर्नी स्वयंसेवकको हकमा रु. ३००।० (अक्षेरुपी तीन सय मात्र) फिर्ता नहुने गरी यस कार्यालयको नाममा सिटिजन्स् बैंक ईन्टरनेशनल लि. माङसेबुङ शाखामा रहेको सञ्चित कोष खाता नं ०६९०१००००००२६२०१ जम्मा गरेको सक्कल भौचर संलग्न गरी निवेदनसाथ पेश गर्नु पर्नेछ । तोकिएको समय भन्दा पछि प्राप्त हुन आएका आवेदनहरुको मूल्यांकन गरिने छैन ।

**छनौट प्रक्रिया :**

प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित, मौखिक तथा प्रस्तुतीकरणको प्रक्रियामा समावेश गरिने छ । सम्बन्धीत स्थानीय तहको निर्णय नै अन्तिम निर्णय हुनेछ । अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।

**दरखास्त दिने अन्तिम मिति :** यो सूचना प्रकाशित भएको पन्ध्र दिन भित्र ।

**दरखास्त फारम mansebungmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।**

**विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**